कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# समता लघुवित्त वित्तीय संस्था लिमिटेड

**SAMATA LAGHUBITTA BITTIYA SANSTHA LIMITED**


(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
(१० जिल्ला कार्यक्षेत्र भएको)
प्रदेश नं.२ जीतपूर, सिमरा उपमहानगरपालिका- २ बारा।
फोन नं.: ०५३–५२१९२१
E-mail : samata@samata.org.np, website: www.samata.org.np


को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.६,०६,७२,०००/– को एक शेयर बराबर दुई शेयर (१ : २) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१२,१३,४४,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १२,१३,४४० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण :

हामीलाई **समता लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

### क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङस नेपाल लि., जमल, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"केयर एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ। **"केयर एनपि आईपिओ ग्रेड ४"** ले औसत **(Average Fundamentals)** आधारहरु जनाउँदछ। केयर रेटिङस नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : अप्रिल १७, २०१९ — बहाल रहने अवधि : अप्रिल १६, २०२०

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७६/०४/२९ गते।
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७६/०६/२६ गते।
हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७६/०८/०१ गते (बैंकिङ समय पश्चात्)।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.


**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, समता लघुवित्त वित्तीय संस्था लिमिटेडको Website: www.samata.org.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ।**

**क) संगठित संस्थाको नाम :** समता लघुवित्त वित्तीय संस्था लि. **(Samata Laghubitta Bittiya Sanstha Ltd.)**

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय प्रदेश नं. २ जीतपूर सिमरा उपमहानगरपालिका वडा नं. २, बारामा रहेको छ।

**ग) कारोबार स्थान :** यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान प्रदेश नं.२ जीतपूर सिमरा उपमहानगरपालिका वडा नं. २, बारामा रहेकोछ । हाल लघुवित्त वित्तीय संस्थाले देहायको स्थानहरुमा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्वन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।

| सि.नं. | कार्यालय रहेको स्थान | कार्यक्षेत्र भएको जिल्ला | कार्यालयको प्रकार |
|---|---|---|---|
| १. | सिमरा | बारा | शाखा कार्यालय |
| २. | कलैया | बारा | शाखा कार्यालय |
| ३. | निजगढ | बारा | शाखा कार्यालय |
| ४. | कोल्हवी | बारा | शाखा कार्यालय |
| ५. | बरियारपुर | बारा | शाखा कार्यालय |
| ६. | सिम्रौनगढ | बारा | शाखा कार्यालय |
| ७. | कटहरीया | रौतहट | शाखा कार्यालय |
| ८. | चन्द्रनिगाहपूर | रौतहट | शाखा कार्यालय |
| ९. | लालवन्दी | सर्लाही | शाखा कार्यालय |
| १०. | बर्दिवास | महोत्तरी | शाखा कार्यालय |
| ११. | सिन्धुली | सिन्धुली | शाखा कार्यालय |
| १२. | दुधौली | सिन्धुली | शाखा कार्यालय |
| १३. | जलेश्वर | महोत्तरी | शाखा कार्यालय |
| १४. | बरहथवा | सर्लाही | शाखा कार्यालय |
| १५. | रामगोपालपुर | महोत्तरी | शाखा कार्यालय |
| १६. | गौशाला | महोत्तरी | शाखा कार्यालय |
| १७. | शिवनगर | रौतहट | शाखा कार्यालय |
| १८. | गौर | रौतहट | शाखा कार्यालय |
| १९. | बहुअरी | पर्सा | शाखा कार्यालय |
| २०. | चित्रसारी | चितवन | शाखा कार्यालय |
| २१. | महेन्द्रनगर | धनुषा | शाखा कार्यालय |
| २२ | झुम्का | सुनसरी | शाखा कार्यालय |
| २३. | लालबजार | उदयपुर | शाखा कार्यालय |
| २४. | मनवा | पर्सा | शाखा कार्यालय |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

समता लघुवित्त वित्तीय संस्था लि., कम्पनी ऐन, २०६३ बमोजिम २०७० साल बैशाख २ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल भाद्र २ गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्वन्धी कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०७० भाद्र ९ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक, वित्तीय क्षेत्र, स्वास्थ्य, कृषि, बीमा, सामाजिक, इन्जिनियरिङ्ग, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्वन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाको निक्षेपकर्ता तथा ऋणदाताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट न्यून आय भएका तथा विपन्न वर्गका समुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी सेवा उपलब्ध गराउने,

आ) कृषि, घरेलु उद्योग, ग्रामीण सेवा, ग्रामीण ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका क्षेत्रमा लघु ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय श्रोत र साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको अधिकाशं ग्रामीण क्षेत्रका निम्न आय भएका वर्गको स्वरोजगारी सृजना गर्ने तथा आय आर्जन गर्ने क्षमतामा सहयोग पुर्‍याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक

तथा व्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

ई) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा मध्यस्तता, समन्वय, सहजीकरण, प्रबर्द्धन तथा उदारिकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने, र

उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

**ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००/–(अक्षरेपी बीस करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा २०,००,००० (बीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.१८,२०,१६,०००/–(अक्षरेपी अठार करोड बीस लाख सोह्र हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १८,२०,१६० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी :** यस वित्तीय संस्थाका चुक्ता पूँजी रु.६,०६,७२,०००/–(अक्षरेपी छ करोड छ लाख बहत्तर हजार) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ६,०६,७२० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.१८,२०,१६,०००/–(अक्षरेपी अठार करोड बीस लाख सोह्र हजार मात्र) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,२४,७०४ | ७०% | ४,२४,७०,४००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | १,८२,०१६ | ३०% | १,८२,०१,६००/– | शतप्रतिशत |
| | **जम्मा** | **६,०६,७२०** | **१००%** | **६,०६,७२,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १२,७४,११२ | ७०% | १२,७४,११,२००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | ५,४६,०४८ | ३०% | ५,४६,०४,८००/– | शतप्रतिशत |
| | **जम्मा** | **१८,२०,१६०** | **१००%** | **१८,२०,१६,०००/–** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक सक्रिय सहभागिता (क्याप) नेपाल<br>संचालकहरुको विवरण : | बारा जिल्ला पिप्रा सिमरा वडा नं.३ | ११,५२० | ११,५२,०००/– | शत् प्रतिशत |
| | १. डम्मरमणी थेवे लिम्बु<br>२. हिरामती आर्या<br>३. डा. मदन घिमिरे<br>४. शम्भु राम<br>५. यज्ञ बहादुर आले<br>६. शोभा लामा<br>७. सविता मरहठ्ठा<br>८. विद्या महर्जन<br>९. गङ्गा प्रसाद वाग्ले | बारा जिल्ला पिप्रा सिमरा १<br>बारा जिल्ला कलैया न.पा. वडा नं १४<br>सुनसरी जिल्ला बराह क्षेत्र गा.बि.स. वडा नं ४<br>बारा जिल्ला जीतपूर सिमरा उ.म.न.पा. वडा नं ७<br>बारा जिल्ला पिप्रा सिमरा गा.बि.स. वडा नं ९<br>बारा जिल्ला पिप्रा सिमरा | | | |
| २ | डा. मदन घिमिरे | सुनसरी जिल्ला बराह क्षेत्र | १९,२०० | १९,२०,०००/– | शत् प्रतिशत |
| ३ | कृष्ण प्रसाद पौडेल | बारा जिल्ला डुमरवाना | २३,०४० | २३,०४,०००/– | शत् प्रतिशत |
| ४ | विश्वराम खड्का | काभ्रेपलाञ्चोक जिल्ला चलाल गणेशस्थान | १५,३६० | १५,३६,०००/– | शत् प्रतिशत |
| ५ | डम्मरमणी थेवे लिम्बु | बारा जिल्ला पिप्रा सिमरा १ | २६,८८० | २६,८८,०००/– | शत् प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | टिना सुवेदी | पर्सा जिल्ला विरुवा गुठी १ | १९,२०० | १९,२०,०००/– | शत् प्रतिशत |
| ७ | कृष्ण प्रसाद बतौला | बारा जिल्ला निजगढ | १३,४४० | १३,४४,०००/– | शत् प्रतिशत |
| ८ | गुण बहादुर खनाल | चितवन जिल्ला रत्ननगर | २६,८८० | २६,८८,०००/– | शत् प्रतिशत |
| ९ | भोला प्र. गौतम | बारा जिल्ला निजगढ | १९,२०० | १९,२०,०००/– | शत् प्रतिशत |
| १० | बैकुण्ठ मरहट्टा | चितवन जिल्ला रत्ननगर | १३,४४० | १३,४४,०००/– | शत् प्रतिशत |
| ११ | यज्ञ बहादुर आले | बारा जिल्ला पिप्रा सिमरा | १९,२०० | १९,२०,०००/– | शत् प्रतिशत |
| १२ | विनोद प्रसाद कलवार | रौतहट जिल्ला | ५,७६० | ५,७६,०००/– | शत् प्रतिशत |
| १३ | राजेश्वर प्र. आचार्य | बारा जिल्ला कलैया न.पा. | १३,४४० | १३,४४,०००/– | शत् प्रतिशत |
| १४ | राम दयाल साह | बारा जिल्ला पिप्रा सिमरा | ४,४८० | ४,४८,०००/– | शत् प्रतिशत |
| १५ | गोपाल अधिकारी | बारा जिल्ला पिप्रा सिमरा | ६,७२० | ६,७२,०००/– | शत् प्रतिशत |
| १६ | बरुण प्रसाद गौतम | बारा जिल्ला डुमरवाना | ७,६८० | ७,६८,०००/– | शत् प्रतिशत |
| १७ | सुशिल प्रसाद खनाल | बारा जिल्ला निजगढ | ४,८०० | ४,८०,०००/– | शत् प्रतिशत |
| १८ | श्याम प्रसाद तिवारी | मकवानपूर जिल्ला | ४,८०० | ४,८०,०००/– | शत् प्रतिशत |
| १९ | थिर बहादुर श्रेष्ठ | बारा जिल्ला डुमरवाना | ८,६४० | ८,६४,०००/– | शत् प्रतिशत |
| २० | ओम कृष्ण कार्की | बारा जिल्ला पिप्रा सिमरा | १३,४४० | १३,४४,०००/– | शत् प्रतिशत |
| २१ | सपना पौडेल | बारा जिल्ला पिप्रा सिमरा | ७,६८० | ७,६८,०००/– | शत् प्रतिशत |
| २२ | प्रहलाद राउत | मोरङ जिल्ला विराटनगर | ३२,६४० | ३२,६४,०००/– | शत् प्रतिशत |
| २३ | नवराज अधिकारी | बारा जिल्ला निजगढ | ३,८४० | ३,८४,०००/– | शत् प्रतिशत |
| २४ | हरी बहादुर भण्डारी | चितवन जिल्ला नारायणपूर | ३४,५६० | ३४,५६,०००/– | शत् प्रतिशत |
| २५ | लिला नाथ नेपाल | बारा जिल्ला निजगढ | ९,६०० | ९,६०,०००/– | शत् प्रतिशत |
| २६ | श्रीराम पुडासैनी | मकवानपूर जिल्ला | ९,६०० | ९,६०,०००/– | शत् प्रतिशत |
| २७ | रामचन्द्र पौडेल | बारा जिल्ला डुमरवाना | ८,०६४ | ८,०६,४००/– | शत् प्रतिशत |
| २८ | मिनु प्याकुरेल | काठमाडौं जिल्ला | ६,७२० | ६,७२,०००/– | शत् प्रतिशत |
| २९ | प्रेम प्रसाद सिटौला | झापा जिल्ला शरणामति | १५,३६० | १५,३६,०००/– | शत् प्रतिशत |
| ३० | अच्युत कुमार भट्राई | मोरङ जिल्ला ईन्द्रपूर | १५,३६० | १५,३६,०००/– | शत् प्रतिशत |
| ३१ | कृष्णहरी खत्री | कटुन्जे, भक्तपुर | १,२१६ | १,२१,६००/– | शत् प्रतिशत |
| ३२ | बद्रि प्रसाद पुडासैनी | जिलिङ ४, नुवाकोट | १,०६७ | १,०६,७००/– | शत् प्रतिशत |
| ३३ | लुम्बिनी विकास बैंक<br>१.सुशिल राज पराजुली - अध्यक्ष<br>२.चिन्तामणी भट्टराई - संचालक<br>३.दशरथ रिसाल - संचालक<br>४.प्रविण कुमार श्रेष्ठ -संचालक<br>५.प्रताप कुमार आचार्य -संचालक<br>६.रमाचन्द्र सेढाईं -संचालक<br>७.श्रीमती अन्जु कुमारी गुप्ता-संचालक | डिल्लीबजार, काठमाण्डौं | १,०६७ | १,०६,७००/– | शत् प्रतिशत |
| ३४ | गरिमा विकास बैंक<br>१.चन्द्रकान्त बराल - अध्यक्ष<br>२.डा.आनन्द प्रसाद श्रेष्ठ - संचालक<br>३.श्याम प्रसाद बस्याल - संचालक<br>४.विमल पाण्डे - संचालक<br>५.डा.भूपेन्द्र बहादुर खड्का- संचालक<br>६.संजीब ढकाल - संचालक<br>७.कुन्ज राज थापा. - संचालक | महेन्द्रपुल, पोखरा | ८११ | ८१,१००/– | शत् प्रतिशत |
| | **संस्थापक समुहको जम्मा** | | ४,२४,७०४ | ४,२४,७०,४००/ | |
| | **सर्वसाधारण समुहको जम्मा** | | १,८२,०१६ | १,८२,०१,६००/– | |
| | **जम्मा** | | **६,०६,७२०** | **६,०६,७२,०००/–** | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.६,०६,७२,०००/– को एक शेयर बराबर दुई शेयर (१ :२) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.१२,१३,४४,०००/– बराबरको प्रति शेयर रु.१००/– अंकित दरका रु.१२,१३,४४० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ३ अनुसार संचालक समितिले प्रस्तावित गरे अनुरुप बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजीमा १:२ को अनुपात (१ बराबर २) हकप्रद शेयर जारी गर्ने सम्मानित साधारण सभामा प्रस्ताव प्रस्तुत हुँदा बोनस शेयर बाँडफाँड पश्चात कायम हुने चुक्ता पूँजी ६ करोड ६ लाख ७२ हजार मा १:२ (साविक १ कित्ता शेयर बराबर २ कित्ता) को दरले हकप्रद शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै हकप्रद शेयर निष्काशन सम्बन्धी आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७५/८/२७ गते विहिवार सम्पन्न पाँचौ बार्षिक साधारण सभा ।**

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यवसायिक अनुभव |
|---|---|---|---|---|
| १. | श्री डम्वरमणि थेबे लिम्बु, सिमरा १, बारा । (संस्थापक समुह) | अध्यक्ष | स्नातक | सुर्य नेपाल प्रा.लि.,सिमरा बारामा बाणिज्य प्रबन्धकको रुपमा २० बर्षको अनुभव । HID हेटैडामा Ceramic Craft Pvt. Ltd. मा सञ्चालकमा ५ बर्ष देखी कार्यरत,लायन्स क्लवमा सचिव पदमा रहेको,देश विदेशमा विभिन्न व्यवस्थापकिय तालिम तथा अभिमुखीकरण प्राप्त गरेको तथा विगत ५ बर्ष देखी समता लघुवित्त वित्तिय संस्था लिमिटेडमा संस्थापक अध्यक्ष |
| २. | श्री राजेश्वर प्रसाद आचार्य, कलैया ६, बारा । (संस्थापक समुह) | संचालक | स्नातकोत्तर | भक्तपुर बहुमुखी क्याम्पसमा प्राध्यापकको रुपमा २८ बर्षको कार्य अनुभव । प्रोपाइटर–आर आचार्य एण्ड कम्पनी । |
| ३. | श्री विश्वराम खड्का, बत्तीसपुतली ९, काठमाण्डौ । (संस्थापक समुह) | संचालक | स्नातकोत्तर | माइती नेपालमा निर्देशकको रुपमा २० बर्षको कार्य अनुभव। |
| ४. | श्री हरि बहादुर भण्डारी, नारायणपुर ४, चितवन । (संस्थापक समुह) | संचालक | स्नातक | भ्याली म्यानेजमेन्ट कम्पनी, पुतलीसडक मा अध्यक्षको रुपमा ५ बर्षको कार्यानुभव । भुगर्भ सिमेण्ट उद्योगमा २ बर्ष देख कार्यकारी सञ्चालक, कालिन्चोक कन्ट्री भिल्ला होटलमा प्रवन्ध सञ्चालक,सुश्रीम लजिष्टीक प्रा. लि.मा अध्यक्ष, सौभाग्य हाउजिङ्ग एण्ड कम्पनी प्रा.लि.मा अध्यक्षको रुपमा ७ बर्षको कार्य अनुभव । |
| ५. | श्री भक्त राम खड्का, विष्णू - ४, काठमाडौं (सर्वसाधारण समुह) | संचालक | स्नातकोत्तर | - Nepal Student Community मा बजार ब्यबस्थापकको रुपमा करिब १ बर्षको कार्य अनुभव ।<br>- बुढानिलकण्ठ माध्यमिक विद्यालयमा शिक्षण पेशामा करिब २ बर्षको कार्य अनुभव ।<br>- Himalayan Human Right Monitor मा करिब १.५ बर्षको कार्य अनुभव ।<br>-COSAS, Yokemate Security Services , National Saving & Creadit CO- Operatice LTD, National Money Transfer Pvt. Ltd. आदि संस्थाहरुमा विभिन्न पदमा संलग्न रहि करिब १३ वर्षको कार्य अनुभव रहेको । |
| ६. | श्री निरञ्जन पराजुली (बिशेषज्ञ संचालक) | सञ्चालक | स्नातकोत्तर | अलपाइन डेभलपमेण्ट बैंक मर्जर पछि हालको सेन्चुरी बैंक लि., मा १ बर्ष सञ्चालकभई कार्य गरेको, मकवानपुर बहुमुखी क्यामपसमा सहायक आर्थिक नियन्त्रकको रुपमा २३ बर्षको अनुभवतथा २०५६ साल देखी लेखापरिक्षण पेशामा आवद्ध रहेको |

**सर्वसाधारण समुह अन्तर्गतको एक जना संचालकको राजिनामा स्विकृत भैसकेको र नयां संचालकको नियुक्त हुन बांकि रहेको ।**

**प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :**

नाम : डा.मदन घिमिरे ठेगाना : बराहक्षेत्र ४, सुनसरी शैक्षिक योग्यता : विद्यावारिधी

| क्र.सं. | पद | संस्था | अवधि | बर्ष |
|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | समता लघुवित्त वित्तीय संस्था लि. | १ श्रावण २०७४ देखी हाल सम्म | हाल सम्म |
| २. | प्रबन्धक संचालक | समता लघुवित्त वित्तीय संस्था लि. | ६ आषाढ २०७० देखी ३१ अषाढ २०७४ सम्म | ४ बर्ष |
| ३. | निर्देशक | क्याप नेपाल | आषाढ २०६७ देखी जेठ २०६९ सम्म | २ बर्ष |
| ४. | आयोजना प्रमुख | टि.एल.एम. नेपाल | श्रावण २०६२ देखी जेठ २०६७ सम्म | ५ बर्ष |
| ५. | टिम लिडर | लेप्रोसी मिसन इन्टरनेस्नल | माघ २०५७ देखी असार २०६२ सम्म | ४.५ बर्ष |
| ६. | तालिम केन्द्र प्रमुख | लेप्रोसी मिसन इन्टरनेस्नल | आषाढ २०५० देखी पौष २०५७ सम्म | ७.५ बर्ष |
| जम्मा कार्य अनुभव बर्ष | | | | २३ बर्ष |

**ट) संचालक समितिको बनौट :**

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछः

| | |
|---|---|
| "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ४ जना |
| "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| | **७ जना** |

**नोटःसर्वसाधारण समुह तर्फको १ जना संचालकको राजिनामा स्विकृत भै नयां नियुक्ति हुन बांकि ।**

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर दुई शेयर (१:२) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

**(रु. हजारमा)**

| पूँजी तथा दायित्व | वास्तविक | | | आ.ब. ०७५/०७६ | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ |
| १.शेयर पूँजी | २२,१२० | ३७,९२० | ५४,३८२ | ८२,२८८ | १९१,११७ | १९१,११७ | १९१,११७ |
| २.जगेडा तथा कोषहरु | ९,५८७ | १३,५९३ | १३,२२२ | ३५,७१४ | ७९,५०२ | १६८,४८१ | २८५,४७७ |
| ३.ऋणपत्र तथा बण्ड | – | – | – | | – | – | |
| ४. तिर्न बाँकी कर्जा सापट | १५६,७०२ | २२३,००१ | ४३१,४९८ | ८०१,२९८ | १,२०१,९४७ | १,६८२,७२५ | २,३५५,८१५ |
| ५.निक्षेप दायित्व | ६३,८८४ | १३५,७१५ | २५९,०९६ | ४९५,९०९ | ७९३,४५५ | १,१५०,५०९ | १,६१०,७१३ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – | | – | – | – |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | ३,६५९ | ४,१९१ | १०,०५९ | – | – | – |
| ८.आयकर दायित्व | ७८ | ८५७ | – | १०,५०९ | २१,११९ | ३९,३१३ | ५१,६९२ |
| ९.अन्य दायित्व | १,७९५ | ४,८३१ | ४,९२२ | ९,५३७ | १२,७५१ | १४,९५१ | १९,४३६ |
| **कुल दायित्व** | **२५४,१६६** | **४१९,५७६** | **७६७,३११** | **१,४४५,३१३** | **२,२९९,८९०** | **३,२४७,०९६** | **४,५१४,२५०** |
| **सम्पत्ति** | **वास्तविक** | | | **आ.ब. ०७५/०७६** | **प्रक्षेपित** | | |
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ |
| १.नगद मौज्दात | ३८ | २३६ | ५४० | ५७३ | ७९५ | ९५४ | ९७७ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – | | – | – | – |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २०,८७३ | ३७,६७१ | ६१,२५२ | १३९,००९ | १४६,०२३ | १३०,३६१ | १५६,८७६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – | | – | – | |
| ५. लगानी | – | – | ५०० | ५०० | ५०० | ५५० | ६०५ |
| ६. कर्जा सापट तथा बिल खरिद | २२८,७३१ | ३७२,९८५ | ६९०,०४९ | १,२८३,३३३ | २,१२५,२१२ | ३,०८२,२३४ | ४,३१५,१२७ |
| ७. स्थिर सम्पत्ति | २,४७८ | ४,३९० | ५,९०५ | ६,२९१ | ११,२२० | १४,५८७ | २०,४२१ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – | – | | – | – | – |
| ९. अन्य सम्पत्ति | २,०४६ | ४,२९४ | ९,०६५ | १५,६०७ | १६,१४१ | १८,४११ | २०,२४४ |
| **कुल सम्पत्ति** | **२५४,१६६** | **४१९,५७६** | **७६७,३११** | **१,४४५,३१३** | **२,२९९,८९०** | **३,२४७,०९६** | **४,५१४,२५०** |

**नोट : *आ.ब.०७५/०७६ को अपरिष्कृत वित्तीय विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

**नाफा नोक्सान हिसाव**

**(रु.हजारमा)**

| विवरण | वास्तविक | | | आ.ब. ०७५/०७६ | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | | आ.ब. ०७६·०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ |
| १. व्याज आम्दानी | २८,२२५ | ६०४९५ | ९१,७३५ | १७८,३६३ | २८५,१५४ | ४२७,३९० | ६०६,७९९ |
| २. व्याज खर्च | ९,८७८ | २३,५९७ | ५२,१३३ | १०५,३६२ | १५८,०४४ | २३७,०६६ | ३५५,५९८ |
| **खुद ब्याज आम्दानी** | **१८,३४७** | **३६,८९८** | **३९,६०२** | **७३,००१** | **१२७,११०** | **१९०,३२५** | **२५१,२००** |
| ३. कमिशन तथा डिस्काउण्ट | – | – | – | | – | | |
| ४. अन्य संचालन आम्दानी | ३,८५९ | ६,६५६ | १०,८९० | ४३,४८१ | ६५,२२१ | ९१,५०९ | १२८,४१३ |
| ५. सटही घटबढ आम्दानी | – | – | – | | – | | |
| **कुल संचालन आम्दानी** | २२,२०६ | ४३,५५४ | ५०,४९२ | **११६,४८१** | **१९२,३३०** | **२८१,८३५** | **३७९,६१३** |
| ६. कर्मचारी खर्च | ५,४७१ | १०,२१४ | २२,४७५ | ४१,२९८ | ५७,८१७ | ८०,९४४ | ११३,३२२ |
| ७. अन्य संचालन खर्च | ५,२०० | ८,२६४ | १४,४१६ | १८,५९९ | २७,८९८ | ३९,०५७ | ५४,६८० |
| ८. सटही घटबढ नोक्सान | – | – | – | | – | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | ११,५३५ | २५,०७६ | १३,६०१ | **५६,५८५** | **१०६,६१५** | **१६१,८३३** | **२११,६१२** |
| ९. सम्भावित नोक्सानी | ५,१५७ | ४,३८५ | ८,३५९ | २५,९८३ | ३९,४१२ | २४,९९३ | ३१,८८९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संचालन मुनाफा/(नोक्सान)** | ६,३७८ | २०,६९१ | ५,२४२ | ३०,६०२ | ६७,२०२ | १३६,८३९ | १७९,७२३ |
| १०.गैर संचालन आम्दानी/(खर्च) | – | – | – | | – | | |
| ११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३,४२८ | १,१३४ | ६,३३६ | ७,९३२ | १०,२३३ | ७,३१० | ९,८१५ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | ९,८०६ | २१,८२५ | ११,५७८ | ३८,५३४ | ७७,४३५ | १४४,१४९ | १८९,५३८ |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – | – | – | | – | – | |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | – | – | – | | – | – | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | ९,८०६ | २१,८२५ | ११,५७८ | ३८,५३४ | ७७,४३५ | १४४,१४९ | १८९,५३८ |
| १३.कर्मचारी बोनस व्यवस्था | ८९१ | १,९८४ | १,०५३ | ३,५०३ | ७,०४० | १३,१०४ | १७,२३१ |
| १४.आयकर ब्यबस्था | २,६६३ | ६,००९ | ३,३०० | १०,५०९ | २१,११९ | ३९,३१३ | ५१,६९२ |
| यस वर्षको कर ब्यवस्था | २,७३८ | ६,२५८ | ३,४२३ | १०,५०९ | २१,११९ | ३९,३१३ | ५१,६९२ |
| विगत वर्षसम्मको कर ब्यवस्था | – | – | – | | – | | |
| यस वर्षको स्थगन कर खर्च (आम्दानी) | (७४) | (२४९) | (१२४) | – | | | |
| **खुद मुनाफा/(नोक्सान)** | ६,२५१ | १३,८३२ | ७,२२५ | २४,५२२ | ४९,२७७ | ९१,७३१ | १२०,६१५ |
| शेयर संख्या (हजारमा) | २२१.२० | ३७९.२० | ५४३.८२ | ८२२.८८ | १,९११.१७ | १,९११.१७ | १,९११.१७ |
| प्रति शेयर आम्दानी (रु.) | २८.२६ | ३६.४८ | १३.२९ | २९.८० | २५.७८ | ४८.०० | ६३.११ |

**नोट : *आ.ब.०७५/०७६ को अपरिष्कृत वित्तीय विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका

| विवरण | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ | आ.ब. ०७८/७९ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ६०.००% | ४५.००% | ४०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ६५.१३% | ४५.०७% | ४०.००% |
| ३. तिर्न बाँकी कर्जा सापटमा बृद्धि | ५०.००% | ४०.००% | ४०.००% |
| ४. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ९५.४४% | ९८.२६% | ९८.८६% |
| ५. कुल आयमा औषत बृद्धिदर | ५७.९४% | ४८.१०% | ४१.६९% |
| ६. कुल खर्चमा औषत बृद्धिदर | ४७.५०% | ४६.४८% | ४६.६४% |
| ७. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २४.४६% | २३.१३% | २२.८५% |
| ८. खुद मुनाफामा औषत बृद्धिदर | १००.९५% | ८६.१६% | ३१.४९% |
| ९. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.०८% | ७.०४% | ७.४३% |
| १०. तिर्न बाकीं कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | ११.२२% | ११.६९% | १२.५३% |
| ११.कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर (प्रतिशतमा) | १६.२३% | १५.९५% | १५.९४% |
| १२. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १.३७% | १.४२% | १.४२% |
| अन्य संचालन खर्चका बृद्धिदर | ५०.००% | ४०.००% | ४०.००% |
| कर्मचारी खर्चमा बृद्धिदर | ४०.००% | ४०.००% | ४०.००% |
| % of Provision on Total Gross Loan | १.७३% | १.७६% | १.७६% |
| CRR | ०.९२% | ०.५७% | ०.५४% |
| SLR | १८.५०% | ११.४१% | ९.८०% |

**<u>माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :</u>**

**वित्तीय प्रक्षेपणका प्रमूख आधारहरुः**

समता लघुवित्त वित्तीय संस्था लिमिटेड १० जिल्ला कार्य क्षेत्र भएको "घ" वर्गको इजाजत प्राप्त वित्तिय संस्था हो । यस संस्थाको चुक्ता पूजी रु. ६०,६७२ हजार रहेको छ ।

वित्तिय संस्थाले कारोवार बृद्धि भए मूताबिक चूक्ता पूजीं बृद्धि गर्दै जाने निती अनूसार हालको चूक्ता पूजींको २ गुणा हकप्रद शेयर जारी गरि चूक्ता पूर्जी बृद्धि गर्ने योजना बनाएको छ । जस अनूसार हकप्रद शेयर जारी पछि संस्थाको चूक्ता पूजीं रु. १२१,३४४ हजारले बृद्धी भई रु. १८२,०१६ हजार पुग्ने छ ।

यस वित्तीय संस्थाको कार्यक्षेत्रको विस्तार, विगत वर्षहरुको कारोवारमा भएको बृद्धी र पुंजी बृद्धीको कारणबाट कारोबारमा बृद्धी हूने तत्थ्यहरुको आधारमा व्यबस्थापनले वित्तिय प्रक्षेपण गरेको छ ।

१. <u>कर्जा तथा सापट</u>
यस लघुवित्त वित्तीय संस्थाको कर्जा तथा सापटमा आर्थिक बर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ६५.१३, ४५.०७, र ४०.०० प्रतिशतले कूल कर्जा बृद्धि हूने प्रक्षेपण गरिएको छ ।

२. <u>आम्दानी प्रक्षेपण</u>
कर्जा तथा सापटमा ब्याज आम्दानी प्रक्षेपण नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम नगद प्राप्तीका आधारमा गरिएको छ ।
यस लघुवित्त वित्तीय संस्थाको कर्जा तथा सापटमा प्राप्त हूने औसत ब्याज दर आ.ब. २०७६।७७, २०७७।७८ र २०७८।७९, मा क्रमस १६.२३, १५.९५ र १५.९४ प्रतिशत हूने अनूमान गरिएको छ ।
सेवा शूल्क र बैंक ब्याज आम्दानी आदि उचित बृद्धी आधारमा प्रक्षेपण गरिएको छ ।

४. <u>निक्षेप</u>
यस लघुवित्त वित्तीय संस्थाको कूल निक्षेप आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ६०, ४५, र ४० प्रतिशतले बृद्धि हूने प्रक्षेपण गरिएको छ ।
निक्षेप दायित्वमा तिर्नूपर्ने औसत व्याजदर आ. ब. २०७६।७७, २०७७।७८ र २०७८।७९ को लागि क्रमस ७.०८, ७.०४ र ७.४३ प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

५. <u>तिर्न बांकी कर्जा सापट</u>
यस लघुवित्त वित्तीय संस्थाको तिर्न बांकी कर्जा सापट आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ५०, ४० र ४० प्रतिशतले बृद्धि हूने प्रक्षेपण गरिएको छ ।
तिर्न बांकी कर्जा सापटमा तिर्नूपर्ने औसत व्याजदर आ.ब. २०७६।७७, २०७७।७८ र २०७८।७९ को लागि क्रमस ११.२२, ११.६९, र १२.५३ प्रतिशत कायम रहने अनूमान गरिएको छ ।

६. खर्च तर्फ
यस लघुवित्त वित्तीय संस्थाको कर्मचारी खर्च आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ४०, ४० र ४० प्रतिशतले बृद्धि हूने प्रक्षेपण गरिएको छ ।
यस्तै यस लघुवित्त वित्तीय संस्थाको अन्य सञ्चालन खर्च आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ५०, ४० र ४० प्रतिशतले बृद्धि हूने प्रक्षेपण गरिएको छ ।

७. बोनस व्यबस्था पछिको नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छुट्याइएको छ ।

८. लघुवित्त वित्तीय संस्थाको नाफामा ३० प्रतिशतको दरले आयकर व्यवस्था गरिएको छ ।

९. <u>साधारण जगेडा कोष</u>

यस लघुवित्त वित्तीय संस्थाले कर पछिको नाफाको २० प्रतिशत रकम साधारण जगेडा कोषमा छुट्याइको छ । यो बैधानिक जगेडा भएकोले नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त भएको अबस्था बाहेक यो जगेडा अन्य प्रयोजनमा उपयोग गरिने छैन ।

१०. <u>कर्जा तथा सापट को निक्षेप सापट र प्राथमिक पूंजीको अनूपात</u>

कर्जा तथा सापट को निक्षेप सापट र प्राथमिक पुंजीको अनूपात (CD Ratio) आ.ब. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस ९५.४४, ९८.२६ र ९८.८६ प्रतिशत हूने प्रक्षेपण गरिएको छ ।

११. <u>तरलता</u>

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनूपात (Statutory Liquidity Ratio) आ.ब. २०७६।७७, २०७७।७८ र २०७८।७९ मा क्रमस १८.५०, ११.४१ र ९.८०कायम हूने प्रक्षेपण गरिएको छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७६।७७, २०७७।७८ र २०७८।७९ को लागि क्रमस ०.९२, ०.५७ र ०.५४ कायम हूने प्रक्षेपण गरीएको छ ।

**नेटवर्थ गणना :**

| विवरण | वास्तविक (रु.हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ |
| चुक्ता पुंजी | २२,१२० | ३७,९२० | ५४,३८२ | ८२,२८८ | १९१,११७ | १९१,११७ | १९१,११७ |
| जगेडा तथा कोषहरु | ९,५८७ | १३,५९३ | १३,२२२ | ३५,७१४ | ७९,५०२ | १६८,४८१ | २८५,४७७ |
| **कुल** | ३१,७०७ | ५१,५१३ | ६७,६०४ | ११८,००२ | २७०,६१९ | ३५९,५९७ | ४७६,५९४ |
| घटाउने: अपलेखन गर्न बाँकी खर्च | - | - | - | | - | | |
| **कुल नेटवर्थ** | ३१,७०७ | ५१,५१३ | ६७,६०४ | ११८,००२ | २७०,६१९ | ३५९,५९७ | ४७६,५९४ |
| शेयर संख्या (हजारमा) | २२१ | ३७९ | ५४४ | ८२३ | १,९११ | १,९११ | १,९११ |
| प्रति शेयर नेटवर्थ (रु.) | १४३.३४ | १३५.८५ | १२४.३१ | १४३.४० | १४१.६० | १८८.१६ | २४९.३७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल (%) | १९.७२% | २६.८५% | १०.६९% | २०.७८% | १८.२१% | २५.५१% | २५.३१% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | १२.८३% | | |

**नोट :*आ.ब.०७५/०७६ को अपरिष्कृत वित्तीय विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७५ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ५४,३८२ |
| २. जगेडा तथा कोषहरु | १३,२२२ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४३१,४९८ |
| ५. निक्षेप दायित्व | २५९,०९६ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ४,१९१ |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | ४,९२२ |
| **कुल पूँजी तथा दायित्व** | **७६७,३११** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ५४० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ६१,२५१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |

| | |
|---|---|
| ५. लगानी | ५०० |
| ६. कर्जा सापट तथा बिल खरिद | ६९०,०४९ |
| ७. स्थिर सम्पत्ति | ५,९०५ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ९,०६५ |
| **कुल सम्पत्ति** | **७६७,३११** |

**२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १ व्याज आम्दानी | ९१,७३५ |
| २ व्याज खर्च | ५२,१३३ |
| **खुद ब्याज आम्दानी** | **३९,६०३** |
| ३. कमिशन तथा डिस्काउण्ट | - |
| ४. अन्य संचालन आम्दानी | १०,८९० |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **५०,४९२** |
| ६. कर्मचारी खर्च | २२,४७५ |
| ७. अन्य संचालन खर्च | १४,४१६ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | १३,६०२ |
| ९. सम्भावित नोक्सानी | ८,३५९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **५,२४३** |
| १०.गैर संचालन आम्दानी/(खर्च) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ६,३३६ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **११,५७९** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **११,५७९** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,०५३ |
| १४.आयकर व्यवस्था | ३,३०० |
| यस वर्षको कर ब्यवस्था | ३,४२३ |
| विगत वर्षसम्मको कर ब्यवस्था | - |
| यस वर्षको स्थगन कर खर्च (आम्दानी) | (१२४) |
| **खुद नाफा/नोक्सान** | **७,२२७** |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिव ५ (पाँच) वर्षको रहेको छ । सो अवधी सम्ममा वित्तीय संस्थाले खराब कर्जा १ प्रतिशत भित्र राखेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) समता लघुवित्त वित्तीय संस्था लि. को रजिष्टर्ड कार्यालय, प्रदेश नं.२ जीतपूर सिमरा उपमहानगरपालीका - २ बारा ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइएको छ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराममा आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा) भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गरिंदा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को **अनुसूची–११** बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने,

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको पाँचौ बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७५/०७६ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एस एण्ड एस एसोसियट्स चार्टर्ड एकाउन्टेण्ट श्री सुधिर कुमार शर्मालाई नियुक्त गरिएको छ ।

ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा बरिष्ठ प्रबन्धक पदमा कार्यरत स्नातकोत्तर तह शैक्षिक योग्यता हासिल गर्नु भएका बाक्सीला १, खोटाङ निवासी श्री मनोज प्रसाद निरौला कार्यरत हुनु हुन्छ ।

ग) यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो। उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ चार्टर्ड एकाउण्टेण्ट संस्था प्राईम श्रेष्ठ एण्ड एसोशिएट्स काठमाण्डौका चार्टर्ड एकाउण्टेन्ट श्री प्राईम श्रेष्ठले प्रमाणित गर्नुभएको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"व्यावसायिक संस्था श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**हकप्रद शेयर जारी गर्नुको कारण:** यस वित्तीय संस्थाको व्यवसायिक कारोबार बृद्धिलाई दृष्टिगत गरी सोही बमोजिम नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष अनुपात कायम गर्नका लागि ।

**पूँजी बृद्धिको उद्देश्य:** नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष अनुपात निर्धारण सुत्र अनुसार कायम हुने अनुपातलाई न्युनतम ८ प्रतिशत भन्दा अधिक बिन्दु कायम हुने गरी व्यवस्था गर्नुपर्ने तथा लघुवित्त संस्थाको हकमा ९ प्रतिशत वा सो भन्दा बढी पूँजीकोष कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिने व्यवस्था रहेको छ । नियमक निकायले गरेको उक्त व्यवस्था अनुकुल व्यवसायिक कारोबार बृद्धि अनुरुप आवश्यक पूँजीकोष पुऱ्याउन तथा संस्थाले नगद लाभांश घोषणा गर्दा समेत आगामी दिनमा पूँजीकोष अनुपात कायम गर्न सहज हुने हेतुले हकप्रद शेयर निष्काशनको उद्देश्य लिइएको छ ।

**बृद्धि गरिने रकम:** रु १२,१३,४४,०००।-(अक्षरुपी बाह्र करोड तेह्र लाख चवालीस हजार मात्र)

हकप्रद शेयर प्रदान गरिने अनुपात :रु ६,०६,७२,०००।- बराबरको प्रति शेयर रु.१००।- अंकित दरका ६,०६,७२० कित्ता साधारण शेयरको एक शेयर बराबर दुई शेयर (१:२) (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ दुई कित्ता साधारण शेयर) को अनुपातमा रु १२,१३,४४,०००।- बराबरको प्रति शेयर १०० अंकित दरका १२,१३,४४० कित्ता हकप्रद साधारण शेयर ।

**पूँजीको उपयोग सम्बन्धी विवरण** :हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ ।

| | |
|---|---|
| १.तरलता/बैंक तथा वित्तीय संस्थामा राखिने मौज्दात | रु ३,००,००,०००।- |
| २.कर्जा लगानी (कृषि उत्पादन तथा पशुपालन) | रु ९,१३,४४,०००।- |
| **जम्मा** | रु १२,१३,४४,०००।- |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लालदरवार, काठमाण्डौं, लगनखेल ललितपुर, चिप्लेढुंगा पोखरा, आदर्शनगर बीरगञ्ज, ट्राफिकचोक, वुटवल र गोल्छाचोक, विराटनगर ।

२. समता लघुवित्त वित्तीय संस्था लि., प्रदेश नं.२ जीतपूरसिमरा उपमहानगरपालीका-२ बारा ।

३. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि -आस्वा **(C-ASBA** सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुमा समेत सि -आस्वा फारामबाट हकप्रद शेयर बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी समता लघ’वित्तवित्तीय संस्था लि.को वेवसाइट www.samata.org.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी समता लघ’वित्तवित्तीय संस्था लि. को वेवसाइट www.samata.org.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

**निष्काशन बैंक (Banker to the Issue)** सम्बन्धि व्यबस्था :

यस निष्काशनको लागि देहायको बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| | **निष्काशन बैंकको नाम, ठेगाना** |
|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., पुतलीसडक, काठमाण्डौं |
| २. | कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं |
| ३. | मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं |
| ४. | कामना सेवा विकास बैंक लि., न्यूरोड, काठमाण्डौं |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस वित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ । साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्ने आ.व.२०७४/०७५ सम्मको सम्पूर्ण विवरण अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङस नेपाल लि., जमल, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई **“केयर एनपि आईपिओ ग्रेड ४”** प्रमाणपत्र प्राप्त गरेको छ । **“केयर एनपि आईपिओ ग्रेड ४”** ले औसत **(Average Fundamentals)** आधारहरु जनाउँदछ । केयर रेटिङस नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : अप्रिल १७, २०१९ बहाल रहने अवधि : अप्रिल १६, २०२०

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७३/०७४** | ४०३/– | ४०३/– | ४०३/– | ०.०१ |
| **०७४/०७५** | २३७४/– | ४११/– | १३८४/– | २१.५५ |
| **०७५/०७६** | १६४४/– | १०००/– | ११३०/– | ७८.२९ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **२०७६ जेष्ठ** | १३८३/– | १२२५/– | १२२५/– | ५.१२ |
| **२०७६ आषाढ** | १२२५/– | १०९८/– | ११३०/– | २.१७ |
| **२०७६ श्रावण** | १३६२/– | १११३/– | १३००/– | ५.०८ |

**द्रष्टव्य** :यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री डम्वरमणि थेवे लिम्बु | अध्यक्ष | |
| २. | श्री राजेश्वर प्रसाद आचार्य | संचालक | |
| ३. | श्री विश्वराम खड्का | संचालक | |
| ४. | श्री हरि बहादुर भण्डारी | संचालक | |
| ५. | श्री भक्त राम खड्का | संचालक | |
| ६. | श्री निरञ्जन पराजुली | संचालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **समता लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**